## १२६ औं गाउँ कार्यपालिकाको बैठक

### कपुरकोट गाउँपालिका, सल्यान

आज मिति २०८२ साल जेठ ०२ गते दिउसो ११:०० बजे यस कपुरकोट गाउँपालिकाका अध्यक्ष श्री दुर्गा बहादुर पुनज्यूको अध्यक्षतामा गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा कपुरकोट गाउँपालिकाको १२६ औं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

| क.स. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दुर्गा बहादुर पुन | गाउँपालिका अध्यक्ष | |
| २ | श्री प्रकाश भरारी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री बालाराम खड्का | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री इश्वर बुढा | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री प्रदिप खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री मित्रलाल कठायत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री होमराज खड्का | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री श्याम कृष्ण बोहरा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री बिमल कामी | कार्यपालिका सदस्य | |
| १० | श्री तिला कुमारी कामी | कार्यपालिका सदस्य | |
| ११ | श्री राधिका ऐरी | कार्यपालिका सदस्य | |
| १२ | श्री रेवती सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री अनिता पुन | कार्यपालिका सदस्य | |
| १४ | श्री तीला बुढाथोकी रोका | कार्यपालिका सदस्य | |
| १५ | श्री दिनेश पौडेल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| सहयोगी कर्मचारीहरु | | | |
| १ | श्री जिवराज खत्री | प्रशासकीय अधिकृत | |
| २ | श्री विपना बुढा | रोजगार संयोजक | |
| ३ | श्री हुकुम बली | आ.ले.प. | |
| ४ | श्री बिर बहादुर चौधरी | सहयोगी | |

प्रमुख प्रशासकीय अधिकृत

पाना 6 मध्ये पाना॥१॥

प्रमुख प्रशासकीय अधिकृत

१२६ औं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. कार्यप्रगती समीक्षा सम्बन्धमा।

२. मुख्यमन्त्री रोजगार कार्यक्रमका लागि आयोजना प्रस्ताव सम्बन्धमा।

३. आ.व.२०८२/०८३ को नीति, बजेट, योजना तथा कार्यक्रम सम्बन्धमा।

४. मुख्यमन्त्री डिजिटल शिक्षा र नमूना विद्यालय कार्यक्रम २०८१/०८२ कार्यान्वयन सम्बन्धमा।

५. विविध

५.१. बालमैत्री वडा सहजकर्ता नियुक्ति सम्वन्धमा।

५.२. बालमैत्री शाखा र सम्पर्क व्यक्ति छनौट सम्वन्धमा।

५.३. दुर्घटनामा घाइतेलाई उपचार सहायता प्रदान गर्ने सम्वन्धमा।

५.४. अनुदान शिक्षकका पारिश्रमिक उपलब्ध गराउने सम्वन्धमा।

५.५. शसर्त अनुदानको लागि प्रस्ताव पेश गर्ने सम्वन्धमा।

५.६. कर्मचारीको नियुक्ति सम्वन्धमा।

प्रमुख प्रशासकीय अधिकृत

पाना 6 मध्ये पाना ॥२॥

## २०८२ जेठ ०२ गते बसेको १२औं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रमुख प्रशासकीय अधिकृत

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय | सम्बन्धित शाखा |
|---|---|---|---|---|---|
| १. | कार्य प्रगती समीक्षा सम्वन्धमा | कपुरकोट गाउँकार्यपालिकाको बैठकवाट यस पूर्व भएका निर्णयहरुको कार्यान्वयन र गाउँपालिकाको समग्र कार्यप्रगतीको अवस्थाको बारेमा अर्थपूर्ण छलफल र समीक्षा गरी पृष्ठपोषण लिनु पर्ने। | कपुरकोट गाउँकार्यपालिकाको बैठकवाट यसपूर्व भएका निर्णयहरुको कार्यान्वयनको अवस्था तथा गाउँपालिकाको चालु आ.व.को बजेट तथा कार्यक्रमको कार्यान्वयनको समग्र अवस्थाबारे बैठकका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृतबाट यस बैठकमा प्रगति विवरण पेश गरी सो उपर बैठकमा छलफल र समीक्षा गर्ने। कार्यपालिकाको निर्णयहरु कार्यान्वयन भएको पाइयो। साथै चालु आ.व.का स्वीकृत कार्यक्रमहरुको सन्तोषजनकरुपमा कार्यप्रगति अघी बढेको देखियो। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो। | योजना तथा प्रशासन शाखा |
| २. | मुख्यमन्त्री रोजगार कार्यक्रमका लागि आयोजना प्रस्ताव सम्वन्धमा। | आ.व. २०८२/०८३ को मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको योजनाहरु छनौट तथा सिफारिस गर्ने सम्वन्धमा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सुर्खेतवाट सूचना आह्वान भए अनुसार आयोजना छनौट गर्नु पर्ने। | आ.व. २०८२/०८३ को मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको योजनाहरु छनौट तथा सिफारिस गर्ने सम्वन्धमा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सुर्खेतवाट मिति २०८२०१।०१ सूचना आह्वान भए अनुसार वडास्तरवाट सिफारिस भई आएका यसै बैठकको निर्णयको अनुसूची-१ मा सूचिवद्ध गरिएका आयोजनाहरुलाई अध्ययन गरी हेर्दा सम्वन्धित विषयक्षेत्र मिलेको देखिएकोले स्वीकृत गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रस्ताव पठाउने। साथै प्रस्ताव गरिएका आयोजनाहरु स्वीकृत भई आएमा कुनै हेरफेर नगरी कानून वमोजिम कार्यान्वयन गर्ने गरी कार्यालयकोतर्फवाट प्रतिवद्धतापत्र समेत पठाउने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो। | रोजगार शाखा |
| ३ | आ.व.२०८२/०८३ को नीति, बजेट, योजना तथा कार्यक्रम सम्वन्धमा। | आ.व.२०८२/०८३ को नीति, बजेट, योजना तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा स्थानीय तहको बजेट तर्जुमा दीघदर्शन-२०७९ अनुसार कार्यतालिका बनाई काम गर्नु पर्ने। | आ.व.२०८२/०८३ को नीति, बजेट, योजना तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा स्थानीय तहकव बजेट तर्जुमा दीघदर्शन-२०७९ अनुसार यसै निर्णयको अनुसूची-२ अनुसारको बैशाख १२ गते पूर्व बजेट छलफल र बैशाख २५ गते आ.व. २०८२/०८३ को बार्षिक नीति तथा कार्यक्रम गाउँसभामा पशे गर्ने गरी कार्यतालिका स्वीकृत गर्ने र सोही अनुरुप बजेट योजना तथा कार्यक्रमको तर्जुमा गर्ने कार्य गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो। | योजना शाखा |

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | मुख्यमन्त्री डिजिटल शिक्षा र नमूना विद्यालय कार्यक्रम २०८१/०८२ कार्यान्वय सम्बन्धमा। | आ.व. २०८१/०८२ का कार्यान्वयन गर्ने गरी कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबाट मुख्यमन्त्री डिजिटल शिक्षा र नमूना विद्यालय कार्यक्रम अन्तर्गत प्राप्त बजेट कार्यान्वयन गर्ने सन्दर्भमा निर्णय गर्नु पर्ने। | आ.व. २०८१/०८२ का कार्यान्वयन गर्ने गरी कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट मुख्यमन्त्री डिजिटल शिक्षा र नमूना विद्यालय कार्यक्रम अन्तर्गत यस गाउँपालिका अन्तर्गतको नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, किमुचौर छनौट भई सोको लागि भौतिक तर्फ रु.५० लाख र ICTतर्फ रु .२० लाख रकम प्राप्त भएकोमा सामाजिक विकास मन्त्रालयको च.नं.१६२९, मिति २०८२/०१/१० गतेको पत्रानुसार ढीला गरी खर्च अख्तियारी प्राप्त हुन आएको , सन्दर्भमा नेपाल राष्ट्रिय माध्यमिक विद्यालयको वि.व्य.स.को प्रस्ताव र यस गाउँपालिकाको खरिद समितिबाट मिति २०८२/०१/१७ मा भएको निर्णय समेतलाई हेर्दा निम्नानुसार हुने गरी कार्यान्वयन गर्ने गराउने।<br>क) भौतिक तर्फको रु.५० लाख रकमबाट भवनको तला थप गर्ने कार्य ठेक्का बन्दोवस्तिबाट गर्दा समयावधि नपुग्ने भएकोले स्वीकृत लागत अनुमानको सीमा भित्र रही विद्यालय व्यवस्थापन समितिले निर्माण समिति मार्फत कार्यान्वयन गर्ने गरी विद्यालय व्यवस्थापन समिति र गाउँपालिकाबीच संझौता गर्ने।<br>ख) ICT तर्फको रु.२० लाखको हकमा विद्यालयबाट प्राप्त प्रस्ताव बमोजिम रु.१० लाखबाट रंगरोगन र कक्षाकोठा व्यवस्थापन गर्ने कार्य लागत अनुमानका आधारमा विद्यालय व्यवस्थापन समितिले निर्माण समिति मार्फत कार्यान्वयन गर्ने गरी विद्यालय व्यवस्थापन समिति र गाउँपालिकाबीच संझौता गर्ने।र बाँकि रु.१० लाखको हकमा विद्यालयबाट माग भएका ICT मेशिनरी उपकरणहरु गाउँपालिकाले खरिद गरी विद्यालयलाई हस्तान्तरण गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | शिक्षा युवा तथा खेलकुद शाखा |
| ५. | विविध | ५.१. बालमैत्री वडा सहजकर्ता नियुक्ति सम्बन्धमा। । | गाउँपालिकालाई बालमैत्री स्थानीय तह घोषणा गर्ने सन्दर्भमा वडा स्तरमा बालमैत्री वडा निर्माणका लागि अभियान सञ्चालन गर्ने गरी प्रत्येक वडामा कम्तिमा एक जना बालमैत्री वडा सहजकर्ता नियुक्ति गर्नु पर्ने भएकोले उक्त पदमा वडामा कार्यरत रहेका प्रशासन/प्राविधिक तर्फका कर्मचारीहरुलाई वडाबाट वडा समितिले निर्णय गरी जिम्मेवारी दिने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | महिला तथा बालबालिका इकाई |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | ५.२.वालमैत्री शाखा र सम्पर्क व्यक्ति छनौट सम्वन्धमा। | वालमैत्री स्थानीय तह घोषणा गर्ने कार्ययोजना अन्तरगतका क्रियाकलापहरु सञ्चालन गर्ने गरी महिला वालावालिका इकाईलाई वालमैत्री शाखा, उक्त इकाइ प्रमुखलाई वालमैत्री सम्पर्क व्यक्ति तोक्ने र निज सम्पर्क व्यक्तिको मातहतमा रहने गरी मनोसामाजिक परामर्शकताको पदमा कार्यरत रहेका श्री कमल महतारालाई वालमैत्री गाउँपालिका सहजकर्ताको जिम्मेवारी तोक्ने । | पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो | महिला तथा वालवालिका इकाई |
| | क्रमशः विविध | ५.३. दुर्घटनामा घाइतेलाई उपचार सहायता प्रदान गर्ने सम्वन्धमा। | मिति २०८१/०६/२२ गतेका दिन यस कार्यालयको रा १ व १५ नं.कोटयाक्टर संग ठक्कर खाई भएको दुर्घटनाका घाइते तथा वा. ०२०-४२ पे १९९२ नं को मोटरसाइकल चालक प्रेम प्रकाश के.सी. र उक्त मोटरसाइकलमा सवार नरेश चन्दले औषधोपचार खर्च दावी गरी निवेदन गरेकोले अन्य खर्च विमावाट दावी गर्ने र तत्कालिन उपचार लागि रु.३० हजार सहायता प्रदान गर्ने। सो सम्वन्धमा गाउँपालिका अध्यक्षस्तरीय निर्णयबाट मिति २०८२/०१/२१ गते प्रकाश के.सी.को नाममा भएको रु. ३० हजार भुक्तानीलाई सदर गर्ने। | पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो। | आर्थिक प्रशासन शाखा |
| | | ५.४. अनुदान शिक्षकको पारिश्रमिक उपलब्ध गराउने सम्वन्धमा। | विगतमा गाउँपालिका अनुदान शिक्षकका रुपमा काम गरिरहेका गायत्री आधारभूत विद्यालय, गाडापानी र सरस्वती प्राथमिक विद्यालय, चुनवाङमा मिति २०८१ चैत्र मसान्त सम्म रुजु हाजिरी रहेको तर पारिश्रमिक नपाएको देखिन आएकोले उक्त विद्यालयहरुमा पहिलो, दोस्रो र तेस्रो किस्ता बापतको विद्यालय शिक्षण सिकाई सहयोग व्यवस्थापन अनुदान क्रमशः रु. २,१२,२५०।०० र १,८३,०००।०० सम्बन्धित विद्यालयमा निकासा दिने। | पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो। | शिक्षा, युवा तथा खेलकुद शाखा |
| | | ५.५. शसर्त अनुदानको लागि प्रस्ताव पेश गर्ने सम्वन्धमा। | आर्थिक मामिला तथा योजना मन्त्रालय, सुर्खेतको मिति २०८२/०१/२८ को स्थानीय तहवाट कार्यान्वियन हुने गरी प्रदेश सरकारवाट प्रदान गरिने ससर्त अनुदानवाट सञ्चालन हुने योजनाहरुको प्रस्ताव पठाउने सम्वन्धी सूचना अनुसार निम्नानुसारका योजना तथा कार्यक्रमहरुको प्रस्तावना तयार गरी पठाउने।<br>१. कपुरकोट आधारभूत अस्पतालको लागि x-Ray मेशिन खरिद।<br>२. स्वास्थ्य संस्थाहरुको स्तरोन्नती तथा सुधार कार्यक्रम। | पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो। | योजना शाखा |

प्रमुख प्रशासकीय अधिकृत

पाना ८ मध्ये पाना ।।५।।

| | | | | | |
|---|---|---|---|---|---|
| | | ५.६. कर्मचारीको नियुक्ति सम्बन्धमा। | वडा नं. ५ को कार्यालय,रीमा रहेको कार्यालय सहयोगी पदको दरबन्दीमा रिक्त रही दैनिक कार्यालय सञ्चालनमा बाधा परेको देखिएकोले पदपूर्ती प्रक्रिया अघी बढाउन गाउँकार्यपालिकालाई निर्देशन गर्ने। | पेश भए बमोजिम प्रस्ताव पारित गर्ने निर्णय गरियो। | कर्मचारी प्रशासन शाखा |

[illegible] कीय अधिकृत

पाना ६ मध्ये पाना ६।।

# कपुरकोट गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
कपुरकोट, सल्यान

कर्णाली प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

(अनुसूची - १)

१२६ औं गाउँकार्यपालिकाको बैठकको प्रस्ताव नं. १ को निर्णय नं. १ संग सम्बन्धित

| क.सं. | कार्यक्रम/योजनाको नाम | वडा नं. | आयोजनास्थल | प्रस्तावित रकम | विषयक्षेत्र | कै. |
|---|---|---|---|---|---|---|
| १ | सारपानी, लापु लामपोखरा देखि शिव मन्दिर जाने पदमार्ग निर्माण योजना | १ | सारपानी, लापु लामपोखरा | १५००००० | पर्यटन | |
| २ | तल्लो गर्पा, माथिल्लो गर्पा, दानवाङ गोठीवन देखि रुम्टीलेक सिद्धबाबा मन्दिर जाने पदमार्ग निर्माण योजना | २ | तल्लो गर्पा, माथिल्लो गर्पा, दानवाङ, गोठीवन | १५००००० | पर्यटन | |
| ३ | मुलपानी मङग्रा थाङ्ने खोला खानेपानी टंकी निर्माण तथा पाईप विस्तार योजना | ३ | मुलपानी मङग्रा थाङ्ने खोला | १५००००० | खानेपानी | |
| ४ | घंघारीचौर पर्यापर्यटन, पाटेश्वरी मन्दिर र क्यूरेनी पर्यापर्यटन जाने पदमार्ग निर्माण | ४ | घंगारीचौर, गाडापानी र धनवाङ | १५००००० | पर्यटन | |
| ५ | देउरालीचौर सिंचाई टंकी निर्माण र लेक सल्लाम खानेपानी टंकी निर्माण | ५ | देउरालीचौर र लेक सल्लाम | १५००००० | सिंचाई र खानेपानी | |
| ६ | पर्यटक विश्राम स्थल निर्माण | ६ | सातामुल वराह संरक्षण | १५००००० | पर्यटन | |
| | | | | ९०००००० | | |

प्रमुख प्रशासकीय अधिकृत

"पाना ८ मध्ये पाना ७"

Web: www.kapurkotmun.gov.np ito.kapurkotmun@gmail.com/kapurkotruralmun073@gmail.com
☎०८८-४१००६९/४१००७०

"कृषि पर्यटन र पूर्वाधार, कपुरकोट गाउँपालिकाको विकासको आधार"

अनुसूची-२

**कपुरकोट गाउँकार्यपालिकाको १२६ औं बैठकको प्रस्ताव नं. ३ को निर्णय नं.३ संग सम्बन्धित आ.ब.२०८२/०८३ को वार्षिक नीति, बजेट, योजना तथा कार्यक्रम तर्जुमा सम्बन्धी कार्यतालिका**

| सि.नं. | कामको विवरण | मिति | सम्बन्धित समिति /व्यक्ति | कैफियत |
|---|---|---|---|---|
| १ | पूर्व बजेट छलफल कार्यक्रम | २०८२/०२/१२ | गाउँपालिका अध्यक्षज्यू | |
| २ | आन्तरिक आय र बैंक मौज्दातको प्रक्षेपण | २०८२/०२/०९ | राजस्व परामर्श समिति/राजस्व शाखा | |
| ३ | बजेट अनुमान, मार्गदर्शन र सीमा निर्धारण गर्ने | २०८२/०२/१४ | स्रोत अनुमान तथा सीमा निर्धारण समिति/अध्यक्षज्यू/प्र.प्र.अ. | |
| ४ | मार्गदर्शन र सीमा उपलब्ध गराउने | २०८२/०२/१८ | प्रमुख प्रशासकीय अधिकृत | |
| ५ | नीति तथा कार्यक्रमको अन्तिम मस्यौदा तयार गर्ने | २०८२/०२/२२ | अध्यक्षज्यू/उपाध्यक्षज्यू/प्र.प्र.अ. | |
| ६ | कार्यपालिकाको बैठक बस्ने | २०८२/०२/२३ | अध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत | |
| ७ | साझेदार निकायलाई योजना प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना | २०८२/०२/२३ | | |
| ८ | नीति तथा कार्यक्रम पेश गर्ने | २०८२/०२/२५ | अध्यक्षज्यू | |
| ९ | टोल विकास र बस्ति स्तरबाट योजना छनौट | २०८२/०२/३० भित्र | वडा समिति/वडा अध्यक्ष | |
| १० | वडा समितिबाट योजना तथा कार्यक्रम छनौट र प्राथमिकीकरण गरी पालिकामा पेश गर्ने | २०८२/०३/०२ गते भित्र | वडा समिति/वडा अध्यक्ष | |
| ११ | विषयगत शाखाबाट योजना तथा कार्यक्रमको सिफारिस र प्राथमिकता कायम | २०८२/०३/०२ गते भित्र | शाखा प्रमुख | |
| १२ | प्रस्तावित योजना तथा कार्यक्रमको एकीकरण प्राथमिकीकरण र वर्गीकरण | २०८२/०३/०३ भित्र | योजना शाखा/आर्थिक प्रशासन शाखा/प्रमुख प्रशासकीय अधिकृत | |
| १३ | विषयगत समितिमा छलफल | २०८२/०३/४-५ | योजना शाखा | |
| १४ | साझेदार निकायका कार्यक्रमको समावेश | २०८२/०३/०२ | योजना शाखा | |
| १५ | वार्षिक विकास कार्यक्रमको प्रस्ताव /आर्थिक विधेयक र विनियोजन विधेयकको मस्यौदा तयार | २०८२/०३/०६ | बजेट तथा कार्यक्रम तर्जुमा समिति | |
| १६ | कार्यपालिकाको बैठक | २०८२/०३/०९ | अध्यक्षज्यू/प्रमुख प्रशासकीय अधिकृत | |
| १७ | गाउँ सभामा पेश गर्ने | २०८२/०३/१० | उपाध्यक्षज्यू | [illegible] |
| १८ | बजेट पारित | २०८२/०३/१० | गाउँसभा | |
| १९ | बजेट पुस्तिका छपाई र प्रकाशन | २०८२/०३/३० भित्र | जि.सी. शाखा | |
| २० | प्रमुख प्रशासकीय अधिकृतलाई खर्च अख्तियारी प्रदान | २०८२/०३/१७ | अध्यक्षज्यू | |
| २१ | विषयगत शाखाहरुलाई अख्तियारी प्रदान | २०८२/०३/२९ भित्र | प्रमुख प्रशासकीय अधिकृत | |

पाना ८ मध्ये पाना ॥८

CamScanner